## एलजीबीटीबारे निर्णय र फैसला कहिले के भए ?

- सन् २००० मा काठमाडौंको पार्करूमामा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको अनौपचारिक भेला सुरू ।
- सन् २००१ मा समाजकल्याण परिषद्मा यौन स्वास्थ्य र अधिकारका लागि पहिलो गैरसरकारी संस्था **नील हिरा समाज** दर्ता ।
- सन् २००५ मा क्वियर महिलाहरूमा काम गर्ने **मितिनी नेपाल**को स्थापना ।
- सन् ३०१३ मा ६२ समयौनिक महिला पुरुष, द्वियौनिक, पारलैङ्गिक, अन्तरलिंगीहरूले नेपालको संसदीय निर्वाचनमा उम्मेदवारी घोषणा गरेको तर कसैल पनि नजितेको ।
- सन् २००१ मा समलिङ्गी विवाहलाई मान्यता दिने पहिलो राष्ट्र नेदरल्याण्ड । त्यसपछि ३० भन्दा बढी देशले मान्यता दिएका छन् ।
- सन् २०१४ मा नेपालको शिक्षा मन्त्रालयको पाठ्यक्रम विभागले माध्यमिक (कक्षा ६, ७ र ८) र विश्वविद्यालय तहको शैक्षिक पाठ्यक्रममा एलजीबीटी समावेश गरेको ।
- वि.सं २०६२/६३ को दोस्रो जनआन्दोलनमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक सहभागी ।
- सन् २००७ मा नेपालको सर्वोच्च अदालतले एलजीबीटी व्यक्तिहरूका विरुद्ध विभेद गर्ने कानुनको अन्त्य गर्ने फैसला ।

सोही मितिमा तेस्रो लिङ्गीलाई वैधता प्रदान र समलिङ्गी विवाहको अध्ययन गर्ने समितिको स्थापना गर्न आदेश ।

- सन् २०१२ मा सर्वोच्च अदालतले समयौनिक जोडीको सम्बन्धलाई मान्यता दिएको । अदालतले रजनी शाहीकी प्रेमी प्रेम कुमारी नेपालीसंग उनको इच्छा अनुरुप आफ्नो पतिभन्दा उनीसँग बस्ने अनुमति दिएको ।
- सन् २०१८ मा नेपालमा आधारित **क्वियर युथ ग्रुप**ले ट्रान्सजेन्डरको पहिचान भएका व्यक्तिहरूका लागि प्रयोग गर्न 'पारलैंङ्गिक' शब्द सार्वजनिक गरेको । र, हरेक वर्षको पहिलो शनिबार ट्रान्स प्राइड परेड मानाइन थालेको ।
- सन् २०११ मा नेपालमा पुरुष, महिला र तेश्रो लिङ्गीको वर्ग समावेश गरेर राष्ट्रिय जनगणना सुरु गरेको ।
- सन् २००८ समलिङ्गी सुनिल पन्त एशियामै पहिलोपटक संविधानसभा सदस्यमा निर्वाचित ।
- सन् २००८ मा सरकारले पहिलोपटक बजेटमा लैंङ्गिक तथा यौनिक अल्पसंख्यकलाई समेटेको ।
- सन् २०१० मा **नील हिरा समाज**ले पहिलो समलिङ्गी गाइजात्राको आयोजना गरेको ।
- सन् २०१२ मा नेपाल सरकारले औपचारिक रूपमा सबै जिल्ला कार्यालयलाई पुरुष, महिला वा अन्य लैंङ्गिकता लेखेर नागरिकता जारी गर्न निर्देशन ।
- सन् २०१५ मा नेपालको सर्वोच्च अदालतले राहदानीमा तीनवाट लिङ्ग राखेर राहदानी जारी गर्न आदेश ।

- सन् २०१५ मा राहदानीमा अन्य लिङ्ग राखेर पहिलोपटक विदेश भ्रमण गर्ने भूमिका श्रेष्ठ ।
- सन् २०१८ मा मनिल सिंहले मिस्टर गे को विश्वव्यापी प्रतियोगितामा दक्षिण अफ्रिकामा नेपालको प्रतिनिधित्व गरेको ।
- सन् २०१९ मा विश्व स्वास्थ्य संगठनले पारलैङ्गिक हुनुलाई बिरामीको रुपमा वर्गीकरण नगर्ने घोषणा ।
- सन् २०२३ मा अधीप पोखरेल र टोबीआस भोल्जले जर्मनीमा गरेको समलिङ्गी विवाहको आधारमा भोल्जलाई गैरपर्यटकीय भिसा दिन आदेश ।
- सन् २०२३ मा परम्परागत रूपमा गैर विपरीतलिङ्गी जोडीहरूको विवाह दर्ता सुनिश्चत गर्न सर्वोच्चको आदेश ।
- सन् २०१३ मा नेपालले महिला, बालबालिका तथा समाज कल्याणद्वारा आयोजित संयुक्त राष्ट्रसंघ तहको मानव अधिकार, यौन झुकाव तथा लैङ्गिक पहिचानसम्बन्धी एशिया-प्रशान्त सम्मेलन सञ्चालन गरेको ।
- सन् २०१५ मा पारलैंङ्गिक मोडेल मेघना लामाले नेपालको पहिलो क्वियर बार, पिंक टिफानी बसन्तपुरमा स्थापना गरेको । पछि ठमेलमा सरेको ।
- सन् २०१९ मा नेपाली पारलैङ्गिक मोडल अन्जली लामालाई, भोग इण्डियाद्वारा भोग ब्युटी अवार्ड प्रदान ।
- सन् २०२० मा संस्मरण प्रकाशित गर्ने पहिलो नेपाली क्वियर लेखक निरन्जन कुँवरद्वारा 'बिटविन क्विन्स एण्ड सिटीज' प्रकाशित ।

- सन् १९९७ मा भारतमा शकुन्तला देवीद्वारा 'दि वल्ड अफ होमोसेक्सुअल्स' नामक समलैङ्गिकताको प्रथम अध्ययन प्रकाशित ।
- सन् १९८१ म आग्रामा भारतका ५० हजारभन्दा धेरै हिजडाहरूको सम्मेलन ।
- डेनमार्क समयौनिक सम्बन्धहरूलाई कानुनी मान्यता दिने प्रथम देश ।
- सन् १९९२ मा नेपालमा एचआईभी/एड्सको वैदेशिक दातृ निकायको पहिलो आर्थिक सहयोग प्राप्त र सरकारद्वारा राष्ट्रिय एड्स समन्वय समिति स्थापना ।
- सन् १९९३ मा सेनामा समयौनिक पुरुष र समयौनिक महिला अमेरिकीहरूलाई सेवा गर्नबाट निषेध गरेको । तर समलिङ्गीहरूलाई दुर्व्यवहारबाट जोगाउने एउटा सैन्य नीति निर्देशमा 'डन्ट आस्क डन्ट टेल' अमेरिकी राष्ट्रपतिबाट हस्ताक्षर गरिएको ।
- सन् १९९४ मा भारतमा, तेश्रो लिङ्गीका रूपमा हिजडाहरूलाई कानुनी रूपमा मताधिकार प्राप्त गरेको ।
- सन् १९९६ मा समयौनिक पुरुष र समयौनिक महिला जोडीहरू विपरीत लिङ्गी विवाहित जोडी जस्तै उही सेवा सुविधाका हकदार हुन्छन् भनेर मान्यता दिने पहिलो अमेरिकी राज्य ।
- सन् २००४ मा संयुक्त राज्य अमेरिकामा पहिलो वैधतायुक्त समलिङ्गी विवाह ।
- सन् २००७ मा नेपाली एलजीबीटीआईक्यू अभियन्ताहरूले विविधता र राजनीतिमा प्रतिनिधित्वकाबारे संवाद गर्न दक्षिण

अफ्रिकाका न्यायमूर्ति एड्विन क्यामेरोन र सयुक्त राष्ट्र संघका अधिकारीहरूलाई नेपाल ल्याएको ।

- सन् २००७ मा चारवटा एलजीबीटीआईक्यू संस्थाले यौन झुकाव र लैङ्गिक पहिचानमा आधारित विभेदपूर्ण कानुनको अन्त्य गर्न सर्वोच्च अदालतमा रिट हालेको । र, नेपालमा एलजीबीटीको छाता सञ्जाल, यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघ स्थापना गरी समाज कल्याण परिषद्मा दर्ता ।
- सन् २००९ मा नेपालमा यौनिक तथा लैंङ्गिक अल्पसंख्यक विद्यार्थी मञ्चको स्थापनाः यसको सुरुवात गर्न १५०० विद्यार्थीको भेला ।
- सन् २००९ दिल्ली उच्च अदालतले उपनैवेशिक युगको दफा ३७७ असंवैधानिक भएको ठहर गरेको । यसको अर्थ भारतमा समयौनिक पुरुषहरूका बीच यौन सम्पर्क अझै गैरकानुनी भए पनि भारतमा अपराध होइन ।
- सन् २००९ योहाना सिगुरदादौत्तिर, पहिलो खुला रूपमा प्रस्तुत एलजीबीटी व्यक्ति सरकारको प्रमुखकामा निर्वाचित भएर आइसल्याण्डको प्रधानमन्त्री ।
- सन् २०११ म समयौनिक पुरुष र महिलालाई खुला रूपमा अमेरिकी सेनामा सेवा गर्न भएको प्रतिबन्धको अन्त्य गर्दै खारेज ।
- सन् २०१३ मा अमेरिकी राष्ट्रपति बाराक ओबामाले आफ्नो दोस्रो कार्यकाल सुरु गर्दाको सम्बोधनमा, समलिङ्गी पुरुषका दुईवटा अधिकारका सन्दर्भ व्यक्त गर्दै 'गे' शब्द प्रयोग गरेको ।

- सन् २०१८ पेन्टागनले पहिलो पारलैंगिक व्यक्तिले अमेरिकी सेनामा भर्ना हुन करारमा हस्ताक्षर गरेको पुष्टि ।
- सन् २०१८ मा सहमतिमा हुने समलैङ्गिक क्रियाकलापलाई अपराधीकरण गर्ने दफा ३७७ को भाग भारतको सर्वोच्च अदालतले हटाएको ।
- सन् २०२१ म गैर-द्विसांख्यिक, अन्तरलिङ्गी र लिङ्ग पुष्टि नहुने व्यक्तिका लागि X चिन्ह सहितको पहिलो अमेरिकी राहदानी जारी ।